Vangmaya
Vol. 22, No. 1: 67-79, July-August 2024
Central Department of Nepali, Kirtipur
DOI: https://doi.org/10.3126/vangmaya.v22i1.85367
Orcid ID : https://orcid.org/0009-0006-6220-2427

गणतन्त्रोत्तर नेपाली कथामा लोकप्रिय संस्कृति

डा. नेत्र एटम*

लेखसार

प्रस्तुत लेखमा गणतन्त्रोत्तर नेपाली कथाले उपयोग गरेका लोकप्रिय संस्कृतिका तत्त्वहरूको खोजी गरी कथामा तिनको भूमिकाको निरूपण भएको छ । लोकप्रिय संस्कृति भनेको सामान्य भावकको समूहद्वारा व्यापक रूपले साझा तथा उपभोग गरिने विश्वास, विचार, वस्तु र अभ्यासहरूको सङ्कलन हो । गणतन्त्रोत्तर (विसं २०६३ पछि) इन्टरनेट सञ्जालको प्रयोग बढ्न गएको हुँदा लोकप्रिय संस्कृतिको मूल्य, प्रवृत्ति एवम् प्रयोगमा अभिवृद्धि भएको देखिन्छ र यसको प्रयोगले नेपाली कथाको विषय, पात्र, परिवेश र विचारधारालाई विशिष्टता प्रदान गरेको छ । यस अध्ययनमा चार ओटा लोकप्रिय कथालाई उद्देश्यमूलक चयन गरी तिनमा लोकप्रिय संस्कृतिका तत्त्वहरूको विश्लेषण गरिएको छ जसमा आन्विका गिरीको 'विदेशी मित्र', कुमार नगरकोटीको 'विनिर्वाण', मनोज बोगटीको 'पुतलीको पखेटामा बसेको पृथ्वी' र दुर्गा कार्कीको 'लाइट बाल्ने केटो' रहेका छन् । यस्ता कथामा विषय र शिल्पमा आममानिसका अभिरुचि र वास्तविक अनुभूतिलाई महत्त्व दिइएको छ भने सामयिक परिवेशको चित्रणबाट पाठकमा संवेदना सिर्जना गरिएको छ । कथामा लोकप्रिय संस्कृतिका तत्त्वहरूको प्रयोगको विश्लेषण र मूल्याङ्कनका निम्ति यसमा मूल रूपले सोबान्का (सन् २०१६), स्टोरेई (सन् २०२४) र एटम (२०८१) ले स्थापना गरेका लोकप्रिय संस्कृति र साहित्यबिचका अन्तरसम्बन्ध एवम् लोकप्रिय आख्यानका विशिष्टताका आधारभूत मान्यतालाई सैद्धान्तिक ढाँचाका रूपमा अवलम्बन गरी गुणात्मक अनुसन्धान पद्धतिअन्तर्गत पाठविश्लेषण विधि अवलम्बन गरिएको छ । यसमा पुस्तान्तर हुँदै गएका युवाहरूको अभिरुचि, ग्रहण र चिन्तनका आयामहरूको पहिचान र मानवीय सम्बन्धहरूको अभिव्यक्तिका निम्ति कथामा प्रयुक्त भावुक प्रेम, रहस्य र यात्रा, आमसञ्चार र सामाजिक सञ्जालका प्रविधि, सामाजिक मुद्दाप्रतिको वैचारिकी, तथा संवादप्रयोगका अवधारणाको मूल्याङ्कन भएको छ । नेपाली कथामा लोकप्रिय संस्कृतिका तत्त्वहरूको विश्लेषण गर्दा तिनमा पात्रहरूको अवस्था, क्रियाकलाप, चिन्तन, संवाद आदिबाट सांस्कृतिक परिवर्तनका दिशाको मूल्यगत सम्बन्ध, पृथक् समस्याको प्रकटीकरण एवम् कथाका विविध कलात्मक आयामलाई उद्घाटन गर्न र युवाको पाठकीय अभिरुचि, अभिग्रहण एवम् मानवीय सम्बन्धका पहिचान र प्रतिरोधका पक्षहरू समावेश गर्न कथाकारहरू सफल छन् भन्ने निष्कर्ष निकालिएको छ ।

शब्दकुञ्जी : आमसञ्चारका साधन, पुस्तान्तर, लोकप्रिय साहित्य, सांस्कृतिक अध्ययन, सामाजिक मुद्दा, स्वैरकल्पना ।

विषयपरिचय

प्रस्तुत अध्ययन गणतन्त्रोत्तर नेपाली कथामा प्रयुक्त लोकप्रिय संस्कृतिका तत्त्वहरूको पहिचान, विश्लेषण र कथालाई आमजनतासमक्ष सम्प्रेषण गर्न तिनले कथामा खेलेको भूमिकाको उद्घाटनमा केन्द्रित रहेको छ । लोकप्रिय संस्कृति (पपुलर कल्चर) भनेको बहुसङ्ख्यक मान्छेले व्यापक रूपमा स्वीकार र अवलम्बन गरेको सांस्कृतिक पक्ष हो । यस्तो संस्कृति तात्क्षणिक प्रवृत्तिका रूपमा मुख्य प्रवाह बनेर आएको हुन्छ र यसको अभिव्यक्ति सङ्गीत, साहित्य, फेसन,

* डा. एटम नेपाली केन्द्रीय विभागमा सहप्राध्यापक पदमा कार्यरत हुनुहुन्छ ।

सिनेमा, इन्टरनेट, टेलिभिजन कार्यक्रम, मोबाइल याप जस्ता आमसञ्चारका साधन र नयाँ प्रविधिहरूमार्फत उपभोग गरिन्छ । मनोरञ्जन दिने उद्देश्यले व्यावसायिक सञ्चार माध्यमबाट उत्पादन भई आर्थिक र प्राविधिक सामर्थ्यका कारण बृहत् सामाजिक, भौगोलिक र सांस्कृतिक जनसङ्ख्यामा वितरण हुने संस्कृतिलाई लोकप्रिय भन्नु ठिक हुन्छ । यसरी विकसित र विस्तारित भइरहेको हुनाले लोकप्रिय संस्कृतिको प्रभाव साहित्यमा परेको हुन्छ । विशेष गरी मोबाइल फोन र इन्टरनेट प्रयोगमा भएको वृद्धिका कारण यसको विषयवस्तु, शैली र अभ्यासले साहित्यलाई लोकप्रिय संस्कृतिका तत्त्वहरू उपयोग गर्न र आमपाठकमाझ जान प्रेरित गरेको छ । २०६२–६३ सालको लोकतान्त्रिक आन्दोलनपछिको अवधिमा प्रकाशित कथालाई गणतन्त्रोत्तर नेपाली कथाका रूपमा परिभाषित गर्न सकिन्छ र त्यस अवधिदेखि नै लोकप्रिय संस्कृतिको प्रभाव बढ्न थालेको छ । त्यस्ता कृतिलाई आमसञ्चारका माध्यमका अतिरिक्त सामाजिक सञ्जालका 'प्लेटफार्म'ले विश्वव्यापी रूपमा फैलन अवसर पनि दिएका छन् । यस्तो प्रभाव कविता, नाटक, निबन्ध र आख्यान विधामा रहेको भए पनि लोकप्रिय संस्कृतिको उपयोगले आख्यानअन्तर्गत पनि कथाका पात्र, परिवेश, क्रियाकलाप, घटना, शिल्प आदिलाई नयाँपनका साथ व्यापक पाठकमाझ पुग्ने बनाएको छ । त्यसैले नेपाली कथामा प्रयुक्त लोकप्रिय संस्कृतिका तत्त्वलाई पात्रका चिन्तन, व्यवहार, संवाद, निर्णय, अपेक्षा र समस्यालाई उद्घाटन गर्नका निम्ति समालोचनामा सहजै उपयोग गर्न सकिन्छ ।

नेपाली कथाका क्षेत्रमा आन्विका गिरी, कुमार नगरकोटी, मनोज बोगटी र दुर्गा कार्की स्तरीय कथालेखनमा सक्रिय र सफल कथाकार हुन् । उनीहरूले आफ्ना कथामा सामयिक मुद्दा, भावुकतामा आधारित युवा संवेदना, वैश्विक स्वैरकल्पनाबाट विचारधारा, सामूहिक अनुभवको वैयक्तिक अभिव्यक्ति तथा बिम्बात्मक शिल्पको आकर्षण सिर्जनाका निम्ति विभिन्न प्रविधिको अभ्यास जस्ता लोकप्रिय संस्कृतिका विशिष्टतालाई समावेश गरेका छन् । यहाँ लोकप्रिय संस्कृतिका तत्त्वहरूको खोजीका निम्ति गिरीको 'विदेशी मित्र' (*कम्युनिस्ट*मा सङ्कलित, २०६७), नगरकोटीको 'विनिर्वाण' (*फोसिल*मा सङ्कलित), बोगटीको 'पुतलीको पखेटामा बसेको पृथ्वी' (*लाइफ : अ बटरफ्लाई*मा सङ्कलित, २०७४), र दुर्गा कार्कीको 'लाइट बाल्ने केटो' (*कुमारी प्रश्नहरू*मा सङ्कलित, सन् २०२०) कथाहरूलाई लिइएको छ ।

नेपालीमा पन्थ (सन् २०१२) ले उपन्यासकार प्रकाश कोविदका लोकप्रिय उपन्यासको समाजपरक अध्ययन गर्दा लोकप्रिय साहित्यका सैद्धान्तिक र प्रायोगिक पक्षबारे विमर्श गरेका छन् तर त्यसमा लोकप्रिय संस्कृतिको परिचर्चा भने गरिएको छैन । लुइटेल (२०७७) ले 'लाइट बाल्ने केटो'लाई फिल्मी शैलीको सस्तो कथा मानेका छन् । एटम (२०८१) ले आख्यानमा लोकप्रिय संस्कृति अध्ययनका निम्ति विषयवस्तु र शैलीका आधारहरू दिँदै २०६१ सालदेखिका आख्यानको प्रारम्भिक विमर्श गरेका छन् । सांस्कृतिक अध्ययनअन्तर्गत लोकप्रिय संस्कृति र साहित्यबारे अध्ययन पाइए पनि नेपाली समालोचनामा गणतन्त्रोत्तर नेपाली कथाको विश्लेषणात्मक सामग्रीको अभाव रहेकाले अनुसन्धान रिक्त रहेको छ । अतः नेपाली कथामा लोकप्रिय संस्कृतिका तत्त्वको प्रतिनिधित्व, पहिचान र प्रतिरोधको भूमिका केकसरी अभिव्यक्त भएको छ भन्ने जिज्ञासा प्रस्तुत अध्ययनमा समस्याका रूपमा रहेको छ र उक्त समस्याको समाधान गर्ने उद्देश्य राखेर यो लेख तयार पारिएको छ । यसका निम्ति नेपाली कथामा प्रयुक्त लोकप्रिय संस्कृतिका तत्त्वहरूको खोजी गरी लोकप्रिय संस्कृति र लोकप्रिय साहित्यको अन्तर्सम्बन्ध देखाउँदै कथाका कथानक, पात्र, जीवनदृष्टि, संवाद, शिल्प र प्रस्तुतिका नवीन पद्धतिहरूको उद्घाटन गरिएको हुनाले यो अध्ययन औचित्यपूर्ण छ ।

अध्ययनविधि

प्रस्तुत अनुसन्धानका निम्ति निर्धारित उद्देश्यहरू पूरा गर्न पुस्तकालय कार्यबाट अध्ययनका निम्ति चयन गरिएका चार जना नेपाली कथाकार आन्विका गिरी, कुमार नगरकोटी, मनोज बोगटी र दुर्गा कार्कीका क्रमशः एक एक ओटा गरी जम्मा चार ओटा नेपाली कथा 'विदेशी मित्र', 'विनिर्वाण', 'पृथ्वीको पखेटामा बसेको पृथ्वी' र 'लाइट बाल्ने केटो'मा प्रयुक्त पात्रहरू, तिनको पृष्ठभूमि र परिवेश, आपसी अन्तरक्रिया, सांस्कृतिक जीवनपद्धति र मूल्य एवम् समस्यालाई उद्घाटन गर्ने विभिन्न पक्षहरूको प्रतिनिधित्व गर्ने साक्षीका रूपमा संवाद, आत्मालाप, वर्णन, दृष्टान्त, चिन्तन आदिलाई उद्देश्यमूलक ढङ्गले प्राथमिक सामग्रीको सङ्कलन गरिएको छ । यसरी सङ्कलित सामग्रीहरूबाट प्राप्त तथ्याङ्कको विश्लेषण र मूल्याङ्कन गरी सामान्यीकृत निष्कर्षसम्म पुग्नका निम्ति विभिन्न सैद्धान्तिक र प्रायोगिक समालोचनाका ग्रन्थहरूबाट द्वितीयक सामग्रीको सङ्कलन गरिएको छ । उपर्युक्त दुवै प्रकारका सामग्रीहरूको समुचित प्रयोग गरी नेपाली कथाका पात्रहरूले अभिरुचि राखेका, ग्रहण गरेका र अभिव्यक्त गरेका लोकप्रिय संस्कृतिसम्बद्ध पुस्तान्तरका कारक, अवस्था, प्रविधि र परिणाम उद्घाटन गर्न विश्लेषणको एउटा सैद्धान्तिक ढाँचा तयार पारिएको छ र यसका निम्ति सांस्कृतिक अध्ययनका प्रतिनिधित्व, पहिचान र प्रतिरोधका आधारमा गुणात्मक अनुसन्धान पद्धतिअन्तर्गत पाठविश्लेषण विधिबाट सामग्रीको व्यवस्थापन एवम् अर्थापन गरिएको छ ।

विश्लेषणको सैद्धान्तिक ढाँचा

लोकप्रिय संस्कृतिले व्यापक जनसमुदायका लागि सिर्जित र बृहत् सङ्ख्यामा रहेका पाठकबाट अनुमोदन पाएको प्रचलित अभ्यास, विश्वास र कलात्मक उत्पादनलाई बुझाउँछ । अहिले यसलाई आमसंस्कृति (मास कल्चर) का रूपमा लिइन्छ जसले मनोरञ्जन उद्योगमार्फत् अत्यधिक नाफा कमाउने उद्देश्य राखेर सम्भावित ठुलो जनसङ्ख्यामा फैलन खोजेको हुन्छ (विट्रोस्की र बार्कर, सन् २०१८, पृ. xvi) । यस सन्दर्भमा लोकप्रिय संस्कृतिलाई लोकसंस्कृतिसँग पृथक् गर्नुपर्छ नत्र यसले गलत बुझाइलाई प्रश्रय दिन सक्छ । निश्चित समुदायका जनतामाझ पुस्तौँपुस्ता मौखिक रूपमा सर्दै आएको जीवनअनुभवको सार लोकसंस्कृति हो र त्यसको सम्प्रेषण बिस्तारै, थोरै सङ्ख्यामा, चिनेजानेको समूहमा तथा सरल माध्यम (गीत, नृत्य, मौखिक बोली, अभिनय, बाजा आदि) मार्फत् हुन्छ तर लोकप्रिय संस्कृतिको फैलावट द्रुत तरिकाले, असम्बन्धित व्यापक समुदायमा, आमसञ्चारका माध्यममार्फत् र व्यावसायिक उत्पादकको प्रयासबाट भएको हुन्छ (ओब्रिएन र जेमन, सन् २०१८, पृ. ८) । लोकप्रिय संस्कृतिलाई निम्नलिखित चार प्रमुख पक्षबाट पहिचान गर्न सकिन्छ : (१) व्यावसायिक उत्पादनसँग सम्बन्धित र तडकभडकयुक्त मनोरञ्जनको साधन, जुन सञ्चार माध्यमकै कारण उत्पादन हुन्छ र महँगो विज्ञापनबाट त्यसको बजारमा प्रचारप्रसार गरिन्छ; (२) स्थानीयदेखि सुरु भएर विश्वव्यापी स्तरसम्मको विकास, जसलाई प्रविधि र प्रवाहका कारण व्यापक रूपमा स्वीकार गरिन्छ; (३) क्षणभरमा अकल्पनीय उपभोक्ताको पहुँच, जसले सञ्चार सम्प्रेषणका सहयोगमा छिट्टो विस्तार पाउँछ; र (४) निरन्तर परिवर्तनशील र विकासशील, जसका कारण समाजलाई पार्ने निश्चित प्रभाव र समाजले व्यक्तिमा पार्ने प्रभावले अनुभवमा बढोत्तर भइरहन्छ । पुँजीवादले बजारीकरणका निम्ति ल्याउने हुनाले लोकप्रिय संस्कृतिलाई जनताले नभई संस्कृति उद्योगले प्रसार गर्छ (क्रोथर्ज, सन् २०२१, पृ. ४८) । यस्तो उत्पादित लोकप्रिय संस्कृतिले सामाजिक सञ्जाल, टिभी, पत्रपत्रिका आदिबाट आममानिसमा तत्काल प्रसारित भई समाज, कला, साहित्य र विचारनिर्माणमा समेत प्रभाव पार्दै गएको छ । यसका स्रोतहरूमा लोकप्रिय सङ्गीत, सिनेमा, टेलिभिजन, रेडियो, भिडियो गेम, इन्टरनेट र किताबहरू हुन् जसको अभिव्यक्ति शीघ्र परिवर्तनशील र भाइरल हुने व्यवहार, खानपान, फेसन तथा विभिन्न प्रतीकहरूमा हुने गर्छ । अतः

अहिले सांस्कृतिक अध्ययनअन्तर्गत लोकप्रिय संस्कृतिको साहित्यिक प्रतिनिधित्व, पहिचान र प्रतिरोधको विश्लेषण र मूल्याङ्कनमा सत्ता, संस्कृति र राजनीबिचको अन्तरसम्बन्धको भूमिका स्पष्ट हुन सक्छ ।

लोकप्रिय संस्कृतिबारे औपचारिक अध्ययनको प्रारम्भ सन् १९७३ मा अमेरिकाको ओहायोमा बोलिङ ग्रिन स्टेट युनिभर्सिटीअन्तर्गत रे बी. ब्रोनले लोकप्रिय संस्कृति विभागको स्थापना गरेपछि भएको हो । त्यसै विभागको आयोजनामा सन् २०११ मा लोकप्रिय संस्कृतिका माध्यम, दृष्टिकोण, विधा, अध्ययनपद्धति, विविधतायुक्त पाठहरूको खोजी, विमर्श र विश्वव्यापी परिवर्तनबारेका अभिलेखहरू तयार भई यसले प्राज्ञिक जीवन्तता पाएको छ (विट्रोस्की र बार्कर, सन् २०१८, पृ. xv) । लोकप्रिय संस्कृतिका प्रमुख तत्त्वहरूमा मनोरञ्जन, सामाजिक सञ्जाल, फेसन, प्राविधिकता, मिश्रित भाषा, सामाजिक मुद्दाका अभियान आदि पर्छन् तर यस्ता तत्त्व तीव्र परिवर्तनशील एवम् रहस्य र रोमान्समा आधारित हुने हुँदा ती अतीतको पुनरावृत्तिमा समेत पुग्न सक्छन् । लोकप्रिय संस्कृतिको व्यापकतामा साहित्य पनि समाहित हुन्छ जसले गर्दा साहित्यमा लोकप्रिय संस्कृतिका तत्त्वहरूले विशेष प्राथमिकता पाउँदै आएका छन् । ब्रेख्त (२०६७, पृ. २२१) ले लोकप्रिय साहित्यलाई इतिहास, दायित्व र जनताको सङ्घर्षशील वर्गलाई विकसित गर्ने चिन्तनको वाहकका रूपमा लिएका छन् र त्यसलाई प्रगतिशील साहित्यको विशिष्टताका रूपमा लिएका छन् । साहित्यिका लेखनमा भावुक प्रेमको चित्रण, रहस्य र स्वैरकल्पनाको समावेशन, 'जेन्जी' (जेड जेनेरेसन) को विश्वव्यापी अभिरुचि, सामाजिक सञ्जालको आधिक्य, विद्युतीय सूचनाप्रविधिका उपकरणको प्रयोग, लगाइखुवाइमा फेसनको प्रभाव, राजनीतिक-सामाजिक मुद्दामा सञ्जालीय पहिचानको व्यापकता, प्रत्यक्ष श्रव्यदृश्य कविता (स्लाम कविता), पुरस्कार, कार्यक्रममा प्रसिद्धि (सेलिब्रिटी) को प्रभाव आदि तत्त्वहरू लोकप्रिय संस्कृतिबाटै प्रवेश गरेका हुन् (एटम, २०८१, पृ. १८–२१) । साहित्यमा पनि आख्यानले तत्कालीन सांस्कृतिक यथार्थको अभिलेखन र प्रतिबिम्बन प्रभावकारी रूपमा गर्ने हुँदा लोकप्रिय संस्कृतिको प्रयोगबाट आख्यानकारहरूले आफ्ना रचनालाई अधिक सङ्ख्या र विस्तृत वर्गका पाठकमा लैजाने गर्छन् । नेपाली आख्यानकारहरूले २०६० को दशकपछि लोकप्रिय संस्कृतिलाई अवलम्बन गरी सिर्जनाको बजारीकरणलाई पनि एउटा धारका रूपमा विकास गरेका छन् भने त्यस कर्मलाई निजी प्रकाशक, वितरक र उपमोक्ता पाठकहरूले संस्कृतिका रूपमा बढावा दिँदै आएका छन् । यस प्रकारका आख्यानलाई लोकप्रिय आख्यान (पपुलर फिक्सन) भन्न सकिन्छ जसले स्तरीय, वैचारिक र कलात्मक आख्यानका तुलनामा पाठकको भावुकतालाई उपयोग गरेर सस्तो मनोरञ्जनलाई प्राथमिकता दिने भनेर व्याख्या गरिन्छ (पन्थ, सन् २०१२, पृ. ९२) । यो एक प्रकारको सपाट आख्यान हो किनभने यसलाई पाठकले दोहोऱ्याएर र गहिरिएर पढिरहनुपर्दैन । सहज उपलब्ध, सतही र तयारी माल जस्तो एक पटक उपभोग गरेपछि बेकाम हुने हुनाले लोकप्रिय आख्यानलाई कवाडी आख्यान (जङ्क फिक्सन) पनि भनिएको छ (रोबर्ट्स, सन् १९९०, पृ. २) । त्यसो भए पनि यस्ता आख्यानले प्रचलित साझा अभिरुचि र पुस्तान्तरमा देखिने जीवनपद्धतिको परिवर्तनलाई प्रतिबिम्बत गर्दै सिर्जनात्मक शिल्प तथा नवप्रवर्त्तनलाई साहस भने दिएका हुन्छन् ।

इस्वीको अठारौँ शताब्दीमा औद्योगिक युगको प्रारम्भ हुँदा पाश्चात्य साहित्यमा किताब उद्योगलाई महत्त्व दिएर लोकप्रिय आख्यानले पाठकीय बजार पाएका थिए जसमा जासुसी, तिलस्मी, स्वैरकाल्पनिक, भावुक प्रेम, साहसी आख्यानको उत्पादन र बजारीकरण व्यापक रूपमा भएको पाइन्छ भने अहिले चाहिँ मूल धारमा चलेको प्रदर्शनात्मक संस्कृतिको प्रभावलाई समेटेर रचिएका तर प्रकारान्तरले प्रारम्भिक लोकप्रिय आख्यानकै चिन्तन र शैलीलाई परिमार्जनसहित अवलम्बन गरिएका रचनाको बाहुल्य देखिन्छ। यस्तो आख्यानमा पाठक निष्क्रिय उपभोक्ता मात्र हुन्छ किनभने बजारिया संस्कृतिका कलाकृति उभोक्तामाथि जबर्जस्ती थोपरिएको हुन्छ (पाण्डेय, सन् २०१६, पृ. ३२८) । यस कारण लोकप्रिय आख्यानले कलाको सतहीकरणलाई बढाउँछ र आमपाठकलाई सिर्जनात्मक कल्पना गर्ने स्थान नदिई उनीहरूको

चेतनामाथि शासन गर्छ । प्रविधिको विकासका कारण अहिले कृतिलाई प्रचार, प्रसार र पुँजी आर्जन गर्ने वस्तु बनाउन सहज भएको छ । यसले गर्दा गम्भीर सामाजिक विषयलाई पनि भावुक, भद्दा र सस्तो फर्मुलामा राखेर प्रस्तुत गर्ने यो पद्धति नै शासकवर्गको सुन्दर छलयोजनाको साधन बन्न पुगेको छ ।

लोकप्रिय संस्कृतिको प्रभावले प्रेमपरक र कामोत्तेजक कथाका साथ अपराध कथा एवम् सत्य कथा पनि लेखिन्छन् । नेपाली कथामा पनि लोकप्रिय संस्कृतिका तत्त्वहरूको उपयोग गरेर बृहत् साहित्यिक प्रसिद्धि प्राप्त गर्ने कथाकारहरू छन् र तिनका कृतिहरूको व्यग्र प्रतीक्षा गर्ने पाठकहरूको पुस्ता नै तयार भइसकेको छ । यस्ता नेपाली कथामा लोकप्रिय संस्कृतिका तत्त्वहरूलाई उपयोग गरेर स्तरीय कथा सिर्जना भएका छन् तर तिनमा इतिहासचेतनाको अभाव हुन्छ र तिनले जनताको अघि बढेको तप्काको प्रतिनिधित्व गरेका हुन्नन् । अतः यस्ता साहित्यले ब्रेख्त (२०६७, पृ. २२०–२२१) ले भने जस्तो जनतालाई कर्ता बनाउने नभई तिनको पूर्ण विकासमा अवरोध पुऱ्याएका छन् किनभने तिनमा लोकप्रियताको अवधारणालाई स्थिर दृष्टिकोण र पृष्ठभूमिहीन र विकासहीन क्रियाकलापका रूपमा परिभाषित गरिएको छ । गणतन्त्रोत्तर नेपाली कथामा पनि यस्तो लोकप्रिय सांस्कृतिक उद्योगको व्यावसायीकरण, प्रसार र प्रभाव बढ्दो छ । प्रस्तुत अध्ययनमा उपर्युक्त विमर्शबाट प्राप्त सैद्धान्तिक आधारहरू लिएर नेपाली कथामा प्रयुक्त लोकप्रिय संस्कृतिको अध्ययनका निम्ति कथाविश्लेषणको एउटा ढाँचा तयार पारिएको छ जसमा निम्नलिखित पक्ष छन् : (१) भावुक प्रेम, (२) रहस्य र यात्रा, (३) आमसञ्चार र सामाजिक सञ्जालका प्रविधि, (४) सामाजिक मुद्दाप्रतिको वैचारिकी, र (५) संवादप्रयोग । भावुक प्रेम भनेको विश्वास, आवेगात्मक सहभोग र सुझबुझमा स्थापित गहन तथा आत्मीय योग हो । यसमा भावनात्मक आकर्षण, सहकार्य, निकटता र खुल्ला सम्प्रेषणबाट विकसित सम्बन्ध देखा पर्छ । लोकप्रिय साहित्यमा पात्रका रहस्यमय कार्य र अद्भुत यात्राको वर्णन हुन्छ जसले गर्दा कतिपय अवस्थामा कथा स्वैरकाल्पनिक बन्न पुग्छ । लोकप्रिय संस्कृतिमा आमसञ्चारका माध्यम (सिनेमा, सङ्गीत, अडिसन, साहित्य, पत्रकारिता आदि) को इन्टरनेटमा सामाजिक सञ्जालका माध्यम (युट्युब, फेसबुक, इन्स्टाग्राम, टिकटक आदि) को प्रयोग गरिएको हुन्छ । यस्ता कथाका पात्रहरू समसामयिक सामाजिक मुद्दाका बारेमा बहस गर्न वा अभियानमै पनि सहभागी भएका हुन्छन् र त्यसको वैचारिकीलाई सक्रिय रूपमा समर्थन वा विरोध गर्छन् । संवावदप्रयोगले कथालाई पाठकसँग यथार्थ दृश्यको निकटता सिर्जना गर्छ र भावनात्मक रूपले पाठकलाई पात्रसँग बाँधेर राख्ने काम हुनाले लोकप्रियता सिर्जना गर्छ (गेल्डर, सन् २००४, पृ. २९) । लोकप्रिय संस्कृतिका यस्ता विशेषताहरूले कथामा तत्क्षणको समाजलाई प्रतिबिम्बित गर्छन्, सामाजिक परिवर्तनलाई प्रोत्साहित गर्छन् र नयाँ नयाँ विषय एवम् शिल्पको खोजी गर्न पाठकलाई प्रेरणा दिन्छन् । प्रस्तुत अध्ययनमा कथामा प्रयुक्त लोकप्रिय संस्कृतिका उपर्युक्त पाँच तत्त्वका आधारमा नेपाली कथाको विश्लेषण गरी तिनका प्राप्तिको निरूपण भएको छ ।

विमर्श र परिणाम

प्रस्तुत अध्ययनका निम्ति गणतन्त्रोत्तर अवधिमा सक्रिय, व्यापक पाठकीय अभिरुचिमा परेका, व्यावसायिक प्रकाशनबाट कृति प्रकाशित र नवीन प्रयोगप्रति सचेत चार जना नेपाली कथाकारहरूका प्रतिनिधि कथाहरू चयन गरिएका छन् । आन्विका गिरीका कथामा समकालीन युग र यसमा बाँचेका युवा संवेदनाको तीव्र स्वर पाइन्छ (घिमिरे, २०७७) । उनको 'विदेशी मित्र' कथामा विपरीत लिङ्गी युवा मित्रहरूको सहवास र सम्झनाको प्रेमिल चित्रण रोचक ढङ्गबाट भएको छ । कुमार नगरकोटीका कथामा बोल्ने मान्छेको बोलीमा टुक्रे सत्यहरू हुन्छन् र कथाकार आफैँ बोल्ने हुनाले त्यो अधिआख्यान बन्न पुग्छ (श्रेष्ठ, २०७०, पृ. ३९९) । उनको 'विनिर्वाण' कथामा मिथक, भावुकता तथा मानवीय संवेदनाको स्वैरकल्पनात्मक चित्रण छ र यसलाई अधिआख्यान बनाइएको छ । मनोज बोगटी आक्रामक

पुस्ता (एङ्ग्री-जेन) का कथाकार हुन् र उनले मार्क्सवादी वर्गीय द्वन्द्वलाई स्वैरकल्पनाको नवीन पद्धतिबाट प्रस्तुत गर्छन् (पुनियानी, २०७४, पृ. १२२) । उनले 'पुतलीको पखेटामा बसेको पृथ्वी' कथामा गोर्खाल्यान्डको आन्दोलनको लोकतान्त्रिक सुन्दरतालाई स्थानीय र विश्वव्यापी दुवै सन्दर्भबाट प्रस्तुत गरी पुँजीवादी उपयोगितावादप्रति व्यङ्ग्य गरेका छन् । दुर्गा कार्की रोमान्स र सम्बन्धको विपर्यासमा रुमल्लिरहेको युवापुस्ताका समस्याहरूको चित्रण गर्न सक्षम कथाकार हुन् । उनको 'लाइट बाल्ने केटो' फिल्मी शैलीको सतही र भावुक प्रेम प्रकट गर्ने किशोर-किशोरीको रोचक कथा हो (लुइटेल, २०७७) । यस प्रकार गणतन्त्रोत्तर युगमा नयाँ पुस्ताका पाठकहरूको अभिरुचिमा परेका उपर्युक्त नेपाली कथाले लोकप्रिय संस्कृतिका विभिन्न विषयगत तथा शैलीगत तत्त्वहरू उपयोग गरेका छन् र कथालाई रोचक बनाई आमपाठकको पठनशीलता विस्तार गरेका छन् । त्यसैले नेपाली कथामा प्रयुक्त लोकप्रिय संस्कृतिको प्रभाव, तिनले प्रतिबिम्बित गरेको नेपाली समाजको परिवर्तनको दिशा तथा नयाँ पुस्ताको चिन्तनबारे विमर्श गर्न र त्यसको परिणाम देखाउन यहाँ भावुक प्रेम, रहस्य र यात्रा, आमसञ्चार र सामाजिक सञ्जालका प्रविधि, सामाजिक मुद्दाप्रतिको वैचारिकी र संवादप्रयोगको विश्लेषण गरी तिनबाट प्राप्त निर्क्यौललाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ ।

भावुक प्रेम

भावुक प्रेम भन्नाले विपरीत लिङ्गी व्यक्तिबिच आ-आफ्ना अनुभूति साझा गर्ने, परस्पर विश्वास गर्ने र आपसी सम्बन्धमा सहज बन्ने आकाङ्क्षाले सिर्जना हुने आकर्षण बुझिन्छ । यस्तो प्रेम रमाइला कुराकानी, सद्भावपूर्ण व्यवहार वा सङ्कटमय अवस्थामा दिइने साथमा आधारित हुन्छ । 'विदेशी मित्र' कथामा केही दिनको सङ्गतपछि अमेरिकी केटो जेम र नेपाली केटी मिरा गफबाटै एकापसमा आकर्षित हुन्छन् र सहवासी (लिभिङ टुगेदर) सम्बन्धमा रहन थाल्छन् । उनीहरूका आ-आफ्नै केटी तथा केटा साथी छन् र तिनका बारेमा सद्भावपूर्ण गफ गरेर विश्वासको सुन्दर परिवेश तयार हुन्छ । उनीहरूको त्यो सम्बन्ध विस्तारै भावुक प्रेममा रूपान्तरण भएको वर्णन मिराले यसरी गरेकी छ– "हिउँदका चिसा रातहरूमा ऊ काम्दा मलाई उसको माया लाग्न थालेको थियो भने म अबेर फर्कंदा ऊ चिन्तित हुन थालेको थियो । म उसलाई नियमित कफी बनाएर दिन थालेको थिएँ भने ऊ मेरो लागि बजारमा कुनै नयाँ किताब आउनेबित्तिकै ल्याइदिन थालेको थियो" (गिरी, २०६७, पृ. १००) । यसमा जेम र मिराको भेटघाट, आकर्षण, सहवासी सम्बन्ध र विश्वासपूर्ण प्रेमको भावुकता चित्रित छ । यस प्रकारको प्रेमपछिको बिछोड खुल्ला र हार्दिक आह्लादले भरिपूर्ण छ जसमा सम्झने वाचा गर्दै बिदाई हुने बेला दुवैका नयन अश्रुपूरित देखिन्छन् ।

'लाइट बाल्ने केटो' कथामा टिनएज केटी निशाको भावुकतापूर्ण प्रेमले उसको विवेकलाई भ्रममा पारेको देखाइएको छ । हिलोबाटोमा लाइट बालेर सहज बनाइदिने एउटा बदमास केटो सुमनसित ऊ प्रेममा परेर भावुक बनेकी छ र त्यही केटाको सम्झनामा मग्न हुन थालेकी छ । उक्त प्रेमको वर्णन केटीले यसरी गरेकी छ :

> १५–२० दिनमा नै मलाई ऊ बर्षौंदेखि चिने जस्तो लाग्न थालिसकेको थियो । ऊसँग घण्टौं गफ गरेर पनि घर नपुग्दै म उसलाई मिस गर्न थालिसकेकी हुन्थेँ ।.... म सुमनलाई मन पराउने मात्र होइन, भित्रभित्रै माया गर्न थालिसकेकी थिएँ ।.... कहिलेकाहीँ अप्ठ्यारो मान्दै-मान्दै भए पनि मेरो सकारात्मक सोच अनि देशका लागि मैले देखेका सपनाहरूको ऊ प्रशंसा गर्थ्यो । बेलाबखत 'कति राम्रा कुरा गर्ने तपाईं !' भनेर मोबाइलमा मेसेज पनि पठाउँथ्यो । (कार्की, २०७४, पृ. ९)

यस प्रकार प्रेमको प्रारम्भ भएपछि सुमनले भ्यालेन्टाइन डेका दिन सन्देश पठाउला भनेर कुरिबसेकी निशा त्यति बेला आश्चर्यचकित र व्यथित हुन्छे जुन बेला सुमन उसको घरमा चोरी गर्दै गर्दा पकडिन्छ। त्यसपछि सुमनले निशालाई आफ्नो प्रेम साँचो भएको जस्तो गरी भावुक चिठी लेख्छ जसमा "हाँस्न कन्जुस्याइँ नगर्नू। तपाईंको हाँसोले मानिसमा बाँच्ने होइन, जिउने रहर जगाउँछ" (पृ. १४)। सुमनको चिठी पढेर निशा भावुक बनेर रुन्छे र पछि पनि बेला बेला उसलाई सम्झिरहन्छे। कथाको उपर्युक्त प्रेम वास्तविक नभएर निकटता र कुरा साझा गर्दा जन्मेको भावुक प्रेम मात्र भएको थाहा पाइन्छ तर निशाले भने उसलाई ज्यादै विश्वास गरेर आफ्नो विवेक नै नभए जस्तो परिचय दिएकी छ। यस प्रकारको भावुकता लोकप्रिय संस्कृतिको महत्त्वपूर्ण पक्ष हो र यसले आमपाठकलाई आकर्षित पनि गर्छ तर यसमा रहेको सतहीपनका कारण पाठकमा त्यसको खास कलात्मक एवम् गहन प्रभाव भने पर्दैन।

रहस्य र यात्रा

कथामा रहस्यको प्रयोग गरेर पाठकलाई आश्चर्यचकित पार्ने र कल्पना गर्ने स्थान उपलब्ध हुन्छ। यसले स्वैरकल्पनाको परिवेश सिर्जना गरेर पृथक् संसारका अद्भुत पात्रहरूसँग अन्तरक्रिया गर्ने अवसर दिन्छ। कथामा नायकीय यात्राको प्रयोग गर्ने उद्देश्यचाहिँ शारीरिक र मानसिक दृष्टिले नवीनताको खोजी, आत्मआविष्कार र रूपान्तरणको प्रस्तुति हो। लोकप्रिय संस्कृतिको नायकले नयाँ क्षेत्रको यात्रा गर्छ र अरुलाई पनि अनजान स्थानमा जान सहयोग गर्छ (कार्की, सन् २०१६, पृ. ३६)। 'विनिर्वाण' कथामा पुराना ग्रन्थहरू धुलोमा पुरिएको कुनै गोदाम चहादाचहार्दै यसको समाख्याता लेखकले एउटा पात खसेको देख्छ र उक्त पात लेखकसँग बोल्न थाल्छ– "कुनै समय म जीवनको जादुले सम्मोहनग्रस्त थिएँ र आफूलाई समग्र अस्तित्वकै केन्द्र ठान्ने गर्थें। संसारकै महत्त्वपूर्ण ठान्ने गर्थें आफूलाई। म छु र त्यसैले यो संसार छ जस्तो लाग्थ्यो। तर, एक दिन वृक्षबाट झरेँ, बतासको केवल एक थप्पडमा" (नगरकोटी, सन् २०१३, पृ. १२४)। यसमा पात एउटा 'इगोसेन्ट्रिक पर्सनालिटी' भएको मान्छेसँग तुलनीय देखिन्छ तर ऊ किताबभित्र 'पेज-मार्किङ' काम गर्ने वस्तुका रूपमा रहेको छ। त्यसै गरी लेखक पात्रले रातमा हिँड्दाहिँड्दै एउटा घाइते गिद्धलाई भेट्छ र उपचार गरेर उसले गिद्धलाई उड्न सक्ने बनाउँछ। अन्त्यमा चेतनाको स्वतन्त्र उडानमा आफूलाई लैजान अनुरोध गरिरहेको लेखकसँग गिद्ध यसरी बोल्छ– "म तिमीलाई कसरी आफ्नो उडानमा लैजान सक्छु ? तिमी जकडिएका छौ आफ्नो अस्तित्वका जराहरूमा (तिमी म जस्तो चरा कहिले बन्ने ?) तिमी सम्बन्धित छौ तथाकथित राज्य, राष्ट्र, भूगोल, धर्म, परम्परा, संस्कृति र राजनीतिका तामसिक बन्धनहरूमा" (पृ. १३०)। पात र गिद्धका उपर्युक्त दुवै बोल्ने पात्रको सिर्जनाले यस कथालाई रहस्यमय बनाई पाठकलाई आश्चर्यचकित पार्छन् तर ती स्वैरकाल्पनिक पात्रहरूको उद्देश्यचाहिँ मानवीय आत्मकेन्द्रित प्रवृत्ति र सीमाहरूप्रति व्यङ्ग्य गर्नु रहेको छ। पात्रको किताबको गोदामयात्रा र गिद्धको स्वतन्त्र यात्रालाई अभिव्यक्तिमा जोडेर यस कथामा लोकप्रिय संस्कृतिका तत्त्वहरूको सुन्दर संयोजन भएको छ।

रहस्यको सिर्जना गर्ने सन्दर्भमा 'पुतलीको पखेटामा बसेको पृथ्वी' कथा अझै कौतुलहलमय र उद्देश्यपूर्ण भएर आएको छ। यस कथाको प्रारम्भमै समाख्याता च्याङ्बाले जापानी सुन्दरी मिसुजालाई घरमुनिको घुरेनमा माकुराको जालोमा बेरिएको भेटाउँछ र उसलाई मुक्त गर्छ जसको रहस्योद्घाटन गर्दै मिसुजा च्याङ्बालाई चिठीमा लेख्छे– "त्यो दिन म पुतलीलाई बचाउन तिम्रो घुरेनमा पुगेको थिएँ। म त्यो पहेँलोमा कालो थोप्ला भएको पुतलीको क्लोज-अप लिन चाहन्थेँ। पुतली तिम्रो घुरेनमा गयो। पुतलीलाई लाग्यो होला– म उसलाई खेदिरहेकी छु। तर, ऊ माकुराको जालोमा पऱ्यो" (बोगटी, २०७४, पृ. ६९)। यसमा पुतली, माकुराको जालो र मिसुजालाई कथात्मक रहस्यमा विस्तार गरिएको छ, जसले रैथाने महिलाको सौन्दर्यलाई पुँजीवादी बजारको जालोमा पार्ने तरिका र त्यसलाई विदेशी लेखकहरूले सहानुभूति

देखाउने बहानामा लेखेर पुनः बजारीकरण गर्ने पद्धतिको आलोचना भएको छ । मिसुजा च्याङ्बाको गाउँको यात्रा गर्छिन् जहाँ गोर्खा जनमुक्ति मोर्चाको आन्दोलन चलिरहेको देखिन्छ । यसमा पुतलीका रूपमा दार्जिलिङमा गोर्खा पहिचानको सङ्घर्ष गरिरहेका नेपालीमूलका वासिन्दालाई सङ्केत गरिएको छ । आन्दोलनकै क्रममा पुलिसले च्याङ्बा र मिसुजालाई थानामा थुनेपछि च्याङ्बा पुलिस अफिसरलाई भन्छ :

> सर, यी आन्दोलनकारीहरूको भिड जो छ, ती सबै पुतली लाग्छन् मिसुजालाई । उनलाई त लाग्छ, उनीहरूको सौन्दर्य यो देशको सरकारले बुझ्नुपर्छ । यिनै पुतलीहरूले यो देश सुन्दर छ । कति वर्षदेखि यी पुतलीहरू आफ्नो सौन्दर्यको हकदाबी गरिरहेका छन् । सरकाले जुन लोकतन्त्रको कुरा गर्छ, त्यो यी पुतलीहरूको दाबीलाई सम्बोधन नगरेसम्म पङ्गु कुरा हो । (पृ. ७४)

उपर्युक्त सन्दर्भमा लोकप्रिय संस्कृतिको रहस्य र यात्रामूलक सौन्दर्यका प्रयोगबाट यस कथाले जनअन्वेषण गरेको छ, यो जनपक्षीयता कथाकार मनोज बोगटीको विशिष्टता हो । लोकप्रियाताको अर्थ जनतासँग सम्बन्धित छ र त्यसले ऐतिहासिक विकास प्रक्रियासँग सक्रियतापूर्वक संलग्नता राखी त्यसलाई गति र दिशा दिनुपर्छ भन्ने ब्रेख्त (२०६७, पृ. २२१) को विचार यसमा सार्थक बनेको छ । आन्दोलनको त्यसै जीवन्त सौन्दर्यको प्रशंसा गर्दै मिसुजाले कथामा भनेकी छन्– "लाइफ : अ बटरफ्लाई !" (पृ. ७५) । यसमा रहस्य बनेका माकुराका रूपमा सत्ता र त्यसलाई जोगाउने पुलिसप्रशासन छन् भने पुतलीका रूपमा चाहिँ आफ्नो पहिचान जोगाउन सङ्घर्षशील जनता छन् । मिसुजाले त्यसै आन्दोलनका बारेमा लेखेको किताबले नोबेल पुरस्कार पाएर विश्वयात्रा गरिरहेको प्रतिरोधात्मक सन्दर्भ पनि कथान्तमा आएको छ । यस प्रकार लोकप्रियता सिर्जना गर्दा यथार्थबाट रहस्यमय स्वैरकल्पनातिर जाने प्रवृत्ति एक थरी कथाको छ भने अर्का थरी कथाको चाहिँ स्वैरकल्पनाबाट बिस्तारै वास्तविक समाजतिर फर्किने र त्यसमा निहित पहिचान र प्रतिरोधको जीवनमय चिन्तन प्रकाशित छ ।

आमसञ्चार र सामाजिक सञ्जालका प्रविधि

एकै पटक बहुग्राहकमा सन्देश सम्प्रेषण गर्न आमसञ्चार र सामाजिक सञ्जालका प्रविधि प्रयोग गरिन्छन् । त्यसैले कतिपय यस्ता सन्देशहरू संवेदनशील भई 'भाइरल' पनि बन्न सक्छन् । किताब, सिनेमा, टेलिभिजन कार्यक्रम, बजारिया उत्सव, ग्याजेट आदिको प्रयोग गरेर सन्देश लिनेदिने तथा तिनका प्रशंसित पात्रहरू (सेलिब्रिटी) प्रति अतीव आकर्षण (क्रेजिनेस) का पृथक् प्रक्रिया नेपाली कथामा विशेष प्रयोजन पूरा भएका देखिन्छन् । 'विदेशी मित्र' कथामा हलिवुडका प्रसिद्ध कलाकार तथा 'टाइटानिक' सिनेमाको नायक टम क्रुज र अमेरिकी सुन्दरी तथा पप गायक ब्रिट्नी स्पियर्जको प्रयोग यसरी गरिएको छ– "आ-आफ्ना खाटतिरको भित्तामा हामीले आफ्नो आफ्नो रुचिको फोटो टाँगेका थियौँ । म हरेक रात टम क्रुजलाई गुड नाइट भन्थेँ मानौँ कि उसले पनि हलिउडमा मलाई त्यसै भनिरहेको छ । जेम हरेक बिहानी ब्रिट्नीलाई आफूलाई गुड लक विस गर्न भन्थ्यो" (गिरी, २०६७, पृ. ९५) । आमसञ्चारका माध्यमबाट यस्तो नायक/गायक विश्वभरि लोकप्रिय भएका हुनाले यस कथाका पात्रहरूले आफ्ना निकटस्थलाई तुलना गर्दा तिनको उपयोग गरेका छन् । यसमा अङ्ग्रेज केटो जेम र नेपाली केटी मिरा ब्रिटिस काउन्सिलको पुस्तकालयको फिक्सन कर्नरमा किताब पढ्दा भेट्छन् (पृ. ९६) र अनि जेम ठमेलको डिस्कोबाट मिरालाई आफूसित नाच्न बोलाउँछ (पृ. १००) । यस प्रकारका लोकप्रिय संस्कृतिका तत्त्वहरूले गर्दा कथा रोचक, सामयिक र जीवन्त बनेको छ ।

'लाइट बाल्ने केटो' कथामा सुमन र निशा कविताका बारेमा गफ गर्छन् जसले अहिलेका बौद्धिक देखिएर निकट हुन खोज्ने जेन्जी पुस्ताको लोकप्रिय संस्कृतिको प्रतिनिधित्व गर्छ । कविताको विमर्शबारे निशाको वर्णन यस्तो छ– "उसलाई साहित्य, त्यसमा पनि कवितामा विशेष रुचि थियो । भूपि शेरचन अनि दिनेश अधिकारीका कविता ऊ निकै हौसिएर सुनाउँथ्यो । कहिलेकाहीँ हावा अड्कल कर गरेर उसलाई आफ्नै कविता पनि पढ्न लगाउनुहुन्थ्यो ।.... तिनमा एक किसिमको निष्ठुरता, निराशा झल्कन्थ्यो र ती चाहिनेभन्दा अलि बढी नै आक्रामक हुन्थे" (कार्की, २०७४, पृ. ८) । यसमा युवा पुस्ताको चिन्तन र समाजप्रतिको नकारात्मक मनस्थिति प्रकट भएको छ । फेब्रुअरी १४ अर्थात् 'भ्यालेन्टाइन डे' (प्रेमदिवस) लाई नौटङ्की मान्ने निशाले त्यस दिन सुमनको कवितात्मक प्रेमप्रस्तावको आशा गर्नु र कुनै रोमाञ्चित पार्ने सन्देश नपाउँदा कल्पिएर अधीर हुनुले बजारका युवामा रहेको लोकप्रिय संस्कृतिको झलक र समसामयिक जीवनपद्धतिको सङ्केत पाइन्छ । कथाको अन्त्यमा सुमन निशाकै घरमा चोरी गर्दागर्दै पक्रन्छ तर आफ्नो चोरीकर्मलाई समेत ऊ सकारात्मक र उत्सव (सेलिब्रेसन) का रूपमा प्रस्तुत गर्दै चिठीमा यस्तो लेख्छ– "निशा, मैले रहरले चोर्न सुरु गरेको थिइनँ तर अहिले आएर लाग्छ, मेरो बाध्यता अब मेरो बानी भइसक्यो ।.... चोरेरै भए पनि मैले भाइ भनी ढाँटेको (म जस्तै परिस्थितिले बनाएको अर्को चोर) मेरो साथीलाई पढाउँछु । अलि टन्न भएको बेला माग्नेहरूलाई पनि बाँडिदिन्छु" (पृ. १३) । यसमा झुटलाई सही प्रमाणित गर्न खोज्ने सतहीपन पाइन्छ । 'पुतलीको पखेटामा बसेको पृथ्वी' कथाकी नायिका मिसुजा फोटोग्राफर र लेखक छे जसले नोबेल पुरस्कार पाउँछे भने च्याङ्बा साइबर क्याफेमा गएर जागिरको फर्म भर्छ । 'विनिर्वाण' कथाको समाख्याता लेखक छ र ऊ किताबको गोदाममा पुराना किताबहरू पढ्न जान्छ । उसको पात्र पात किताबको 'पेज मार्किङ' गर्दागर्दै निस्केर किताबको ज्ञानका बारेमा सन्देश सम्प्रेषण गर्छ । यस प्रकार आमसञ्चारका माध्यम र सामाजिक सञ्जालका प्रविधि तथा कार्यक्रमलाई उत्सवमय बनाउँदै नेपाली कथाका पात्रहरू जीवनलाई पृथक् तरिकाले भोग्छन् । यसले पात्रलाई प्रचलित संस्कृतिको निकट पुऱ्याएर कथालाई लोकप्रिय बनाउँछ ।

सामाजिक मुद्दाप्रतिको वैचारिकी

समाजका अधिकांश मान्छेलाई असर पार्ने तर विभिन्न कारणले समाधान गर्न गाह्रो हुने आर्थिक असमानता, लैङ्गिक विभेद, जातीय पहिचान, नागरिक स्वतन्त्रता आदि समस्याहरू नै सामाजिक मुद्दा हुन् । यस्ता मुद्दाप्रति समाजमा एउटा विश्वास र प्रणाली स्थापित हुन्छ जसलाई वैचारिकी (आइडिअलजी) भनिन्छ (बियान्चिन, सन् २०२१, पृ. ४) । नेपाली कथामा यस्ता सामाजिक मुद्दाबारे पात्रहरूले विमर्श गरी तिनबारे नयाँ वैकल्पिक वैचारिकी पनि प्रस्तुत गरेका छन् । 'विदेशी मित्र' कथामा बिहे नगरी स्त्रीपुरुषले सहजीवन (लिभिङ टुगेदर) बिताउने परिघटनाबारे नेपाली समाजमा भइरहेको विमर्श प्रवेश गरेको छ र त्यस सामाजिक मुद्दाप्रति मिराले सहजतापूर्वक आफूलाई अभ्यस्त गराउन सकेकी छ । यसलाई कथामा अप्रत्यक्ष ढङ्गमा रमाइलो तरिकाले प्रस्तुत गरिएको छ :

> 'तिमी एउटा कुइरेसँग बस्छौ रे हो ?' कलेजको क्यान्टिनमा एउटी साथीले सोधी ।
> मुखमा चना थियो, बोल्न सकिनँ, हो भन्न मुन्टो हल्लाएँ ।
> 'अप्ठेरो हुन्न ?'
> 'हुन्छ नि अङ्ग्रेजी नआउँदा ।' चना निलिसकेकाले जबाफ दिएँ ।
> ऊ पनि हाँसी म पनि हाँसेँ । उसले सोध्न त अर्कै अप्ठेरोको बारेमा सोध्न चाहेकी थिई तर मैले अर्कै जबाफ दिएँ । (गिरी, २०६७, पृ. १००)

यसमा यौनसम्बन्धका निम्ति भन्दा पनि अङ्ग्रेजी भाषाप्रति नेपाली युवाको मोह, विदेशीप्रतिको आकर्षण र भावना साटासाट गर्ने साथीको आवश्यकताका निम्ति अवलम्बन गरिएको सहजीवनको संस्कृति विस्तारित हुँदै गएको तथ्य उद्घाटन भएको छ । यसले वैयक्तिक स्वतन्त्रतातिर उन्मुख लोकप्रिय संस्कृतिको दिशालाई प्रस्ट पारेको देखिन्छ । 'विनिर्वाण' कथामा नेपाली समाजमा पुत्रमोह र लिङ्पहिचान गरेर हुने भ्रूणहत्याप्रति यसरी चिन्ता गरिएको छ– "छोरीको भ्रूण-हत्याका समाचार सुनेर/पढेर मलाई 'नाइटमेर' हुने गर्छ। पुरुष र स्त्रीको प्राकृतिक सन्तुलन तीव्र रूपले तहसनहस भइरहेको देख्दा स्वभावतः दुःखी हुन्छु । पुरुषैपुरुषको भिडले यो संसार भद्दा, कुरूप एवम् अरोचक हुँदै जाने छ" (नगरकोटी, सन् २०१३, पृ. १२५) । लैङ्गिक विभेदको यो सामाजिक मुद्दा र त्यसले निम्त्याउने अन्धकारमय भविष्यप्रति समाख्याताको चिन्तनयुक्त वैचारिकी महत्त्वपूर्ण छ ।

'पुतलीको पखेटामा बसेको पृथ्वी' कथामा दार्जिलिङमा चलेको गोर्खाल्यान्डको मुद्दालाई नेपाली जातीय र पर्यावरणीय पहिचानका मुद्दासित जोडेर प्रस्तुत गरिएको छ। वैश्विक स्थानिकीकरण (ग्लोकलाइजेसन) को प्रक्रियालाई यसमा जापानी लेखक मिसुजाका माध्यमबाट यसरी देखाइएको छ– "च्याङ्बा, तिम्रो गाउँ त विश्व हेर्ने आँखा हो । सुन्दरताको शिक्षा विश्वलाई पढाउने किताब हो ।.... तिम्रो गाउँको रुख र त्यसको जराले तिम्रो देशलाई, विश्वलाई भन्छ– यसरी उभिनू" (बोगटी, २०७४, पृ. ७१) । यसमा गाउँको स्थानिकताले विश्वसमक्ष लैजाने पर्यावरणीय सन्देशलाई वैकल्पिक सौन्दर्यका रूपमा स्थापित गर्ने मुद्दा प्रबल भएको छ । जनताको स्वतन्त्रताको महान् आन्दोलन र त्यसलाई हतियारको त्रासमा दबाएर वर्चस्व कायम गर्न खोज्ने सत्ताको स्वार्थी प्रयासको मुद्दालाई पनि यसमा उठाइएको छ– "बुझ्नु भो ? पुतलीको पखेटामा बसेको छ पृथ्वी । तपाई त्यही पृथ्वी खाने किरा हुनुहुन्छ" (पृ. ७६) । यसमा देश र जनताको सौन्दर्यप्रतिको विश्वास तथा सत्ताको कुरूपताप्रति सङ्केत गरिएको छ । यसले दार्जिलिङका नेपालीभाषी जनताको आन्दोलनलाई बर्सौंदेखि दबाउने पश्चिम बङ्गाल सरकारको प्रभुत्वशाली वैचारिकीप्रति कथाकारको गम्भीर विद्रोह पाइन्छ। अतः उक्त कथामा अभिव्यक्त इतिहासको सुनिश्चित प्रतिनिधित्व, जातीय पहिचान र प्रतिरोधको सौन्दर्य प्रकट भएको छ ।

'लाइट बाल्ने केटो' कथामा आर्थिक विभेदका कारण युवाहरू चोर र जाली बन्नुपर्ने सामाजिक समस्याको मुद्दा प्रस्तुत छ। यसमा निशालाई अँध्यारोमा लाइट बालेर बाटो देखाइदिने पात्र सुमन बाल्यकालदेखि नै सामाजिक अवहेलना सहेर बाध्य भई चोर र फटाहा बन्न पुगेको देखाइएको छ । सुमन १० वर्षको हुँदा उसकी आमाले आत्महत्या गरेको, बाबुले 'रन्डीको छोरो' भनेर बोलाउने गरेको र घर छोडेर काठमाडौँ आई मिहिनेत गर्दा पनि इज्जत नपाएको सन्दर्भ निशालाई लेखेको चिठीमा यसरी आएको छ– "जे खोज्न घर छाडेर हिँडेको थिएँ, त्यही नपाउँदा बेचैन र अधीर भयो मन । मिहिनेतप्रति वितृष्णा जागेर आयो । दयालाई भिख सम्झन थालेँ । सायद त्यही इज्जतको भोकले मलाई चोर बनायो" (कार्की, २०७४, पृ. ११–१२) । सुमनको यस अभिव्यक्तिमा नवीनता छैन तर यसले नेपाली समाजको वर्गीय विभेद, असहिष्णुता र हेलाँको प्रवृत्तिबाट सिर्जित आक्रोश र तिक्तताको परिणति देखाउँछ। यस प्रकारका सामाजिक मुद्दा र तिनप्रति युवाको सरोकार एवम् वैकल्पिक वैचारिकीलाई समाहित गर्न सक्ने हुँदा लोकप्रिय संस्कृति प्रयुक्त कथाले पाठकमा अपेक्षित संवेदना एवम् जागरुकता देखाई पठनशीलता बढाएका छन् ।

संवादप्रयोग

संवादप्रयोगको प्राथमिक उपादेयता पाठकमा अनुभूतिको प्रबलता सिर्जना गर्नु हो जसले यथार्थ दृश्यमा पात्रहरूलाई स्थापित गरेर पठन अनुभव जीवन्त र आनन्दमय बनाउँछ । नेपाली कथालाई लोकप्रिय बनाउनमा सरल, सहज र

रमाइलो संवादको प्रयोगले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ किनभने त्यसले पाठकको ध्यान आकर्षित गरिरहन्छ । 'विदेशी मित्र' कथाको मिरा र जेमका बिचको संवादले पाठकलाई रुमानी तीव्रताको अनुभूति गराउँछ :

'गर्लफ्रेन्ड कस्ती हुन्छे ?'
'गर्लफ्रेन्डलाई माया मार्न सकिन्छ । बिर्सन सकिन्छ । ऊ जीवनको अङ्ग भएकी हुन्न ।'
'प्रेमिका कस्ती हुनुपर्छ ?'
'जस्ती पनि तर देख्नेबित्तिकै माया लागोस् । प्रेमिकालाई माया मार्न सकिन्न । बिर्सन सकिन्न ।' (गिरी, २०६७, पृ. २४)

यसमा जेमले मिरालाई अमेरिकी सन्दर्भमा गर्लफ्रेन्ड र प्रेमिकालाई कसरी लिइन्छ भन्ने नवीन र रोचक व्याख्या गरेको छ । यस्तो संवादले कथामा विदेशी मित्रसितको सम्बन्ध र त्यसले सङ्केत गर्ने निकटता एवम् पछिल्ला घटनाक्रमलाई उत्सुकतामय बनाएको छ । 'पुतलीको पखेटामा बसेको पृथ्वी' कथामा जापानी केटी मिसुजा र नेपाली केटो च्याङ्बाका बिच माकुराको जैविक चरित्रका बारेमा रोचक संवाद भएको छ :

'तिमीलाई अब माकुराले खान्छ', मैले भनें ।
'उसले त पुतली पो खान्छ ! मलाई खान्छ र ?' उनले भनिन् ।
'यति सानो माकुराले पुतली खान सक्दैन', मैले बुझाएँ ।
'आफ्नै आमालाई खानेले पुतली छोड्छ ?' मलाई सोधिन् । (बोगटी, २०७४, पृ. ६७)

यसमा सत्तालाई माकुरा र जनतालाई पुतलीका रहस्यमय सङ्केतका रूपमा उपयोग गरेर भारतीय नेपालीहरूले चलाएको जातीय राज्य गोर्खाल्यान्ड प्राप्तिको आन्दोलनको आवश्यकता, असफलता र सम्भावनाको परिकल्पना प्रस्तुत गरिएको छ । यस संवादले कथालाई बुझ्ने कुञ्जीका साथमा दृश्यात्मकताको नयाँपन पनि दिएको छ । 'विनिर्वाण' कथामा सामाजिक वैचारिकीलाई गम्भीर तरिकाले स्थापना गरिएकाले त्यसमा लामा लामा संवाद छन् भने 'लाइट बाल्ने केटो' कथामा भावुक अनुभूतिलाई महत्त्व दिइएको हुनाले त्यसमा संवादलाई पनि समाख्यानात्मक बनाइएको छ । यस प्रकार संक्षिप्त संवादको प्रयोगले कथामा र पात्रहरूको अन्तरक्रियाले पाठकमा वातावरणको विशिष्ट प्रभाव पर्ने तथा कथाको भावी घटनाप्रति जिज्ञासा बढ्ने हुनाले कथामा लोकप्रियता सिर्जनाका निम्ति संवाद एउटा उपयुक्त माध्यम बनेको पाइन्छ ।

निष्कर्ष

लोकप्रिय संस्कृतिले सांस्कृतिक अध्ययन विषयमा केन्द्रीय स्थान पाएको छ । यसले आमसञ्चारका माध्यममार्फत संस्कृतिका विभिन्न रूपहरू राजनीति, लैङ्गिकता, यौनिकता, वर्ग आदिको साहित्यको सारवस्तुसित सम्बन्ध देखाउँछ र त्यसको परीक्षण गर्ने तरिका उपलब्ध गराउँछ । लोकप्रिय संस्कृतिका तत्त्वहरूको समायोजनबाट साहित्यलाई पनि आमपाठकमा जान सक्ने, पाठकमा शीघ्र प्रभाव पार्न सक्ने, मनोरञ्जन उद्योगको अङ्ग एवम् क्षणिक उपभोगको बजारिया वस्तु पनि बनाइएको हुन्छ । नेपाली कथाको गणतन्त्रोत्तर अवधि (२०६२–२०६३ पछि) मा लोकप्रियताको प्रवाह तीव्र रहेको हुँदा त्यसले अपेक्षित वैचारिकी प्रस्तुत गर्दै बहुल प्रकृतिका युवा पाठकलाई आकर्षित गरेको देखिन्छ । यस अध्ययनमा चयन गरिएका आन्विका गिरीको 'विदेशी मित्र', कुमार नगरकोटीको 'विनिर्वाण', मनोज बोगटीको 'पुतलीको पखेटामा बसेको पृथ्वी' र दुर्गा कार्कीको 'लाइट बाल्ने केटो' कथामा भावकु प्रेम, रहस्य र यात्रा, आमसञ्चार र सामाजिक सञ्जालका प्रविधि, सामाजिक मुद्दाप्रतिको वैचारिकी, तथा संवादप्रयोग गरी पाँच ओटा लोकप्रिय संस्कृतिका तत्त्वहरूको

उपयोगको अवस्था विश्लेषण गर्दा तिनमा वैचारिक गम्भीरताभन्दा सतही, प्रचलित एवम् प्रचारित पक्षहरूलाई नै महत्त्व दिएर अधिक बिक्रीयोग्य बनाउने र पठनशीलतालाई व्यापकतामा लैजाने उद्देश्य राखेको पाइयो । त्यसो भए पनि विषयगत गहनताको अवस्थाअनुसार भिन्न भिन्न कथामा लोकप्रियताका सन्दर्भको मात्रा पनि पृथक् पृथक् रहेको देखियो । 'विदेशी मित्र' र 'लाइट बाल्ने केटो' कथामा प्रयुक्त युवा प्रेमिल पात्रहरूको अनुकूल रहेकाले भावुक प्रेमका दृष्टिबाट हेर्दा स्वाभाविकता पाइन्छ । मातृभूमि, भाषा, सांस्कृतिक अभ्यास र जातीय आन्दोलनप्रतिको प्रेमको भावकुताको अभिव्यक्तिचाहिँ 'पुतलीको पखेटामा बसेको पृथ्वी' कथामा उच्चतामा पुगेको छ । रहस्य र यात्राको अभिव्यिक्तिका कारण 'विनिर्वाण' कथामा स्वैरकल्पनाको कलात्मक प्रयोग भई पात्र र लेखकका बिच बलियो अन्तरक्रिया भएको छ भने 'पुतलीको पखेटेमा बसेको पृथ्वी' कथामा पुँजीवादी सभ्यताले हुर्काएको लेखकको स्वतन्त्र चिन्तन र विद्रोही कार्यलाई प्रतीकात्मक रूपले स्वैरकल्पनाको आवरण दिइएको छ । किताब, पुरस्कार, मनोरञ्जनका कार्यक्रम, मेसेन्जर च्याट आदि आमसञ्चार र सामाजिक सञ्जालका प्रविधिको प्रयोगले नेपाली कथालाई अद्यावधिक लोकप्रिय सांस्कृतिक जीवनपद्धतिको निकट ल्याउने, मनोरञ्जनात्मक बनाउने र सामयिकतासित जोड्ने कार्य भएको देखिन्छ । यसले प्रविधिआधारित र पुस्तान्तरबाट सिर्जित पात्रहरूको मनस्थिति, क्रियाकलाप एवम् अन्तरक्रियाको नवीन सामाजिक ढाँचा तयार भएको देखाउँछ । समसामयिक मुद्दाप्रतिको वैचारिकीप्रति युवा पुस्ताको आवाजलाई नेपाली कथाले महत्त्व दिएका छन् जसमा लैङ्गिक समता, वर्गीय विभेद, सांस्कृतिक अभियान आदिप्रतिको सरोकार, चिन्तन र संवेदनालाई केन्द्रमा राखेर वैकल्पिक विचार प्रस्तुति सम्भव भएको छ । छोटा छोटा संवादको प्रयोगले नेपाली कथालाई अनुभूतिशील, संवेगप्रबल र रोचक बनाएको छ । 'विदेशी मित्र' र 'पुतलीको पखेटामा बसेको पृथ्वी'मा कथानकलाई रहस्यसहित गति दिन संवादको भूमिका प्रबल देखिन्छ । नेपाली कथामा लोकप्रिय संस्कृतिका तत्त्वहरूको प्रयोगबाट एकातिर सामान्य पाठकलाई आकर्षित गर्ने र मनोरञ्जन दिने अभिप्राय पूरा भएको छ भने अर्कातिर युवा पुस्ताको जीवनप्रतिको दृष्टिकोण, सामाजिक मुद्दाप्रतिको गहन सरोकार, आपसी अन्तरक्रियाका साधन, तिनको भावनात्मक अभिवृत्ति तथा पुस्तान्तरको प्रतिमानको सबल चित्रण भएको छ । यसले गर्दा लोकप्रिय साहित्यको सिर्जना सतही, सस्तो र भावनानियन्त्रित मात्र नभई नेपाली कथामा आमजनमानसको चाहनाअनुकूल र जीवनका गम्भीर समस्याबारे पुस्तान्तरित अवधारणाको कलात्मक अभिव्यञ्जनाका निम्ति पनि भएको देखिन्छ । अतः नेपाली कथामा लोकप्रिय संस्कृतिकाका तत्त्वहरूको खोजी गर्दा तिनमा पात्रहरूको अवस्था, क्रियाकलाप, चिन्तन, संवाद आदिबाट सांस्कृतिक परिवर्तनका दिशाको मूल्यगत सम्बन्ध, पृथक् समस्याको प्रकटीकरण एवम् कथाका विविध कलात्मक आयामलाई उद्घाटन गर्न र युवाको पाठकीय अभिरुचि, अभिग्रहण एवम् मानवीय सम्बन्धको पहिचान र प्रतिरोधका पक्ष समावेश गर्न कथाकार सफल रहेको निष्कर्ष प्राप्त भएको छ ।

सन्दर्भ सामग्रीसूची

एटम, नेत्र (२०८१). *लोकप्रिय संस्कृति र समालोचना.* काठमाडौँ : तन्नेरी पत्रिका ।

कार्की, दुर्गा (सन् २०२०). *कुमारी प्रश्नहरू.* काठमाडौँ : पब्लिकेसन नेपा~लय ।

गिरी, आन्विका (२०६६). *कम्युनिस्ट.* काठमाडौँ : साङ्ग्रिला बुक्स ।

घिमिरे, जगदीश (२०६७). पछिल्लो गाताको शीर्षकरहित ब्लर्ब. *कम्युनिस्ट.* (ले. आन्विका गिरी). काठमाडौँ : साङ्ग्रिला बुक्स ।

नगरकोटी, कुमार (सन् २०१३). *फोसिल.* काठमाडौँ : पब्लिकेसन नेपा~लय ।

पन्थ, योगेश (सन् २०१२). *प्रकाश कोविदका लोकप्रिय उपन्यासहरूको समाजपरक अध्ययन.* (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध). सिलगुडी : उत्तरबङ्ग विश्वविद्यालय ।

पाण्डेय, मैनेजर (सन् २०१६). *साहित्य और समाजशास्त्रीय दृष्टि.* हरियाणा : आधार प्रकाशन प्राइवेट लिमिटेड ।

पुनियानी, राजा (२०७४). बटरफ्लाई– अ फिक्सनल पोस्टमार्टम. *लाइफ : अ बटरफ्लाई.* (ले. मनोज बोगटी). काठमाडौँ : साङ्ग्रिला बुक्स, पृ. १०९–१२३ ।

बोगटी, मनोज (२०७४). *लाइफ : अ बटरफ्लाई.* काठमाडौँ : साङ्ग्रिला बुक्स ।

ब्रेख्त, बर्तोल्ट (२०६७). लोकप्रिय र यथार्थवादी. *मार्क्सवादी सौन्दर्यचिन्तन.* (सम्पा. र अनु. निनु चापागाई). ललितपुर : साझा प्रकाशन, पृ. २१९–२२६ ।

लुइटेल, अज्ञात (२०७७ मङ्सिर १२). उबेला हामीले पढ्न चाहेर पनि नपाएका कथाहरू. *शिलापत्र.* वेब. https://shilapatra.com/detail/46178.

श्रेष्ठ, दयाराम (२०७०). *नेपाली कथा र कथाकार.* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

Batchelor, Bob (2013). Creating public intellectuals: Popular culture's move from niche to mainstream in the twenty-first century. *Popular culture in the twenty-first century* (eds.). Myc Wiatrowski and Cory Barker. Newcastle upon Tyne: Cambridge Scholors Publishing, pp. 2–8.

Bianchin, Matteo (2021). Ideology, Critique, and Social Structures. *Critical Horizons*, *22*(2), pp. 184–196.

Bourdieu, Pierre (1993). *The field of cultural production: Essays on art and literature*. New York: Columbia University Press.

Boyd, Michael (1983). *The reflexive novel: Fiction as critique*. Lewisburg: Bucknell University Press.

Crothers, Lane (2021). *Globalization and American popular culture*. Maryland: Rawman & Littlefield.

Csobanka, Zsuzsa Emese (2016). The Z generation. *Acta Technologica Dubnicae*, *6* (2), pp. 63–76.

Gelder, Ken (2004). *Popular fiction: The logics and practices of a literary field.* New York: Routledge.

Hawthorn, Jememy (2000). *A Glossary of Contemporary Literary Theory.* (4th ed.). London: Arnold.

Karki, Dhruba (2016). The heroic journey in popular culture. *Tribhuvan University Journal*, *29* (1), pp. 25–40.

Moscovis, Alexender (2020). Characteristics of popular culture. *CultureScope*, 119, pp. 41–46.

O'Brien, Susie & Szeman, Imre (2018). *Popular cultures: A reader's guide*. Toronto: Nelson.

Roberts, Thomas J. (1990). *An aesthetics of junk fiction*. Georgia: University of Georgia Press.

Storey, John (2024). *Cultural theory and popular culture: An introduction.* (10th ed.). London: Rutledge.

Wiatrowski, Myc & Barker, Cory (2013). Popular Culture in the twenty-first century (preface). *Popular Culture in the twenty-first century*. Myc Wiatrowski & Cory Barker. (eds.). Newcastle upon Tyne: Cambridge Scholors Publishing, pp. xv–xx.